## मिति २०८०/०९/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

नेपाल विद्युत्त प्राधिकरण नेपालगञ्ज वितरण केन्द्रको प.सं. २०८०/०८१(प्रा.), च.नं. ७१९, मिति २०८०/०८/२५ गतेको पत्रानुसार हाईमास्ट लाईटको मिटर जडान वापतको रकम रु.८७६३६९.२४ (आठ लाख छहत्तर हजार तिन सय उनान्सत्तरी रुपैया चौबिस पैसा मात्र) र नेपाल विद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्रको प.सं. २०८०/०८१, च.नं. ४८८, मिति २०८०/०९/०५ गतेको पत्रानुसार भुक्तानीका लागि माग भएको रकम मध्ये हाईमास्ट लाईटको मिटर जडान वापतको रकम मात्र रु.२०३८०.६० (बिस हजार तिन सय असी रुपैया साठी पैसा मात्र) गरी जम्मा रु.८९६७४९.८४ (आठ लाख छयानब्वे हजार सात सय उनन्चास रुपैया चौरासी पैसा मात्र) आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नेपालगञ्ज उप-महानगरपालिकाले ई-रिक्साको अनुगमन र व्यवस्थापनको क्रममा विभिन्न मितिमा पहिलो चरणमा नियन्त्रणमा लिएका ई-रिक्साहरुको सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियो ।

- क) साविक गा.वि.स./नगरपालिकामा दर्ता भएका ई-रिक्सा धनीहरुको निवेदन लिई आवश्यक कागजात जाँच गरी अव उप्रान्त प्रचलित कानूनको अधिनमा रही ई-रिक्सा चलाउने भन्ने कागजात गराई ई-रिक्सा व्यवसायी संघका प्रतिनिधि समेतलाई रोहबरमा राखी सम्वन्धीत व्यक्तिलाई फिर्ता गर्ने ।
- ख) वेल्डिङ्ग गरिएका, चेसिस नम्बर नभएका र चेसिस नम्बर नमिलेका ई-रिक्साहरुको धनीहरुले फिर्ता पाउन निवेदन दिएमा अव उप्रान्त सञ्चालन गर्न नपाउने र प्रयोग नहुने गरी कागज गराई ई-रिक्सा व्यवसायी संघका प्रतिनिधि समेतलाई रोहबरमा राखी सम्बन्धीत व्यक्तिलाई फिर्ता दिने ।

**निर्णय नं. ३**

गत विगत आ.व. देखि श्री सुन्दरकाण्ड मित्र मण्डलद्वारा भेरी अस्पत्ताल बाँकेमा सञ्चालित अन्जनी माता रसोईलाई आर्थिक सहयोग गर्दै आईरहेकोमा गत आ.व. २०७९/०८० को असार महिनामा भुक्तानी गर्नुपर्ने रकम प्राविधिक कारणले भुक्तानी नभई बाँकी रहेकोले सो रकम रु.१०००००.०० (एक लाख मात्र) आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ (ख) अनुसार स्थानीय तह स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिमा कार्यपालिकाका महिला सदस्यहरुमध्ये कार्यपालिकाले तोकेको एकजना सदस्य समितिमा रहने व्यवस्था रहेकोमा सो पदमा कार्यपालिका सदस्य श्री विना थापालाई मनोनित गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८०/०९/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ५**

नेपालगञ्ज उप-महानगरपालिका नगर सभाको चौधौं अधिवेशन मिति २०८०/०९/२८ गते शनिबारका दिन सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपालगञ्ज उप-महानगरपालिकाको युवा क्लब गठन तथा परिचालन कार्यविधि, २०८०, नेपालगञ्ज उप-महानगरपालिकाको संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०८०, नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता सम्बन्धि नीति, २०८०, नेपालगञ्ज उप-महानगरपालिकाको नगर विपद् व्यवस्थापन स्वयंसेवक परिचालन निर्देशिका, २०८० र नेपालगञ्ज उप-महानगरपालिकाको अपाङ्गता अधिकार प्रवर्द्धन कोष कार्यविधि,२०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको नतिजा छलफलका लागि कार्यपालिका बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोले नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०७८/०७९ को लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको नतिजा प्राप्ताङ्क ५७.५ कार्यपालिका बैठकमा पेश गरियो । सो सम्बन्धमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको नतिजा विश्लेषण प्रतिवेदनका आधारमा देखिएका कमीकमजोरीहरुलाई क्रमश: सुधार गर्दै लैजाने र आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेटमा समेत उक्त कुराहरुलाई समेट्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

बाँके जिल्ला खेलकुद विकास समितिको चलानी नं. ३४/२०८०/२०८१, मिति २०८०/०९/०८ को आर्थिक सहयोगको लागि पत्र प्राप्त भएकोमा सो समितिलाई आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम बाट रु.१०००००.०० (एक लाख मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

नेपालगञ्ज उप-महानगरपालिकाको महिला उद्यमी कोष सञ्चालन कार्यविधि, २०८० र नेपालगञ्ज उप-महानगरपालिकाको महिला उद्यमशिलता सहजिकरण केन्द्र सञ्चालन कार्यविधि, २०८० को मस्यौदा निर्माणका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

## मिति २०८०/०९/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १०

नेपालगञ्ज उप-महानगरपालिकाको अपाङ्ग भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को परिच्छेद-३ ६(ख) अनुसार अपाङ्गता परिचय-पत्र वितरण गर्ने समन्वय समितिमा कार्यपालिकाका महिला सदस्यहरुमध्ये कार्यपालिकाले तोकेको एकजना सदस्य समितिमा रहने व्यवस्था रहेकोमा सो पदमा कार्यपालिका सदस्य श्री कुमारी पुष्पा सिंहलाई मनोनित गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १८ मा अवस्थित श्री माध्यमिक विद्यालय लग्दहवाको नाम परिवर्तन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०५/२७ गतेको निर्णय, नेपालगञ्ज उप-महानगरपालिका १८ नं. वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं. १२४४, मिति २०८०/०८/१५ गतेको सिफारिस, श्री माध्यमिक विद्यालय लग्दहवाको प.सं. २०८०/०८१, च.नं. २७३, मिति २०८०/०८/१७ गते सिफारिस र नेपालगञ्ज उप-महानगरपालिका नगर शिक्षा समितिको मिति २०८०/०९/०५ गतेको निर्णयानुसार सो विद्यालयको नाम श्री देउतादिन माध्यमिक विद्यालय लग्दहवा भनि परिवर्तन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत ०२ नं. वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं.१०९१, मिति २०८०/०९/१८ गतेको पत्रानुसार नेपाल रेडक्रस सोसाईटी घरवारी टोल उप-शाखाको शाखा विस्तार गर्न यस उप-महानगरपालिका अन्तर्गत ०२ नं. वडा स्थित सिट नं. ०३५-१४१०.२३ कि.नं. ५३ को दैलेखी बंगला रहेको सार्वजनिक जग्गा कि.नं. ५३ दक्षिण तर्फको, उत्तर दक्षिण चौडाई ६ मिटर, पूर्व पश्चिम लम्बाई १५ मिटरको जग्गा सो संस्था नेपालगंज उप-महानगरपालिकाको मातहतमा रहने गरी निर्माण तथा संचालनको अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. १३

यस नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत ०४ नं. वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं.१३३४, मिति २०८०/०९/१८ गतेको पत्रानुसार खोप तथा गाउँ घर क्लिनिक तथा योग भवन निर्माण नेपालगञ्ज वडा नं. ०४ को बजेट आएको र सोको निर्माण वडा स्थित शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको प्राङ्गणको हाताभित्र शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र र नेपालगंज उप-महानगरपालिकाको मातहतमा रहने गरी निर्माण तथा संचालनको अनुमति दिने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८०/०९/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १४

नेपालगञ्ज उप-महानगरपालिकाको कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७९ को परिच्छेद २ दफा (६) १ (च) मा "एउटै गाँउ समुदाय र स्थानमा बसोबास गर्ने कृषक" भन्ने उल्लेख भएकोमा सो वाक्यांशको सट्टा "नेपालगञ्ज उप-महानगपालिकामा स्थायी बसोबास गरेका व्यक्ति" उल्लेख गरी संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्र मालबाहक सवारी साधनहरुले विहान ९ बजेसम्म र साँझ ६ बजे पछि मात्र लोड/अनलोड गर्नुपर्नेछ । माथि उल्लेखित समय बाहेक अन्य समयमा लोड/अनलोड गरेको पाईएमा रु.१०००.० (एक हजार) जरिवाना गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्र नाला तथा पेटिमा पार्किङ्ग गरेका मोटरसाईकल लगाएत सबै किसिमका सवारी साधनहरुलाई रु.१०००.० (एक हजार) जरिवाना गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका